## पृष्ठभूमि

विद्यालय बिध्यार्थीको प्राज्ञिक र व्यावसायिक उन्नयनको महत्वुर्ण जग हो । यो जगलाइ सवल बनाउन धेरै आन्तरिक र बाह्य तत्वले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । शिक्षाको महत्वलाइ मनन गरेर नै समकालिन अग्रजहरूबाट भौगोलिक अवस्था समेतलाई मनन गरी लमजुङ, तनहुँ र गोरखा जिल्लालाई पायक पर्ने गरी तार्कुघाट वजारमा बि.स २०२५ मा वीर भक्ति माध्यमिक बिध्यालयको स्थापना गरियो । पृथ्वी राजमार्गको डुम्रेबाट २२ कि मि उत्तर डुम्रे बेसिशहर मार्गको नेपालडाँडा तनहुँदेखि १ कि मि पुर्व मर्स्याङदी नदीको तटमा बिध्यालय अवस्थित छ । यो जगमा बिभिन्न सरोकारवालाहरूको मुर्त अमुर्त योगदान वा योगदान गर्ने वातावरणले प्रकारान्तरमा धेरै बिध्यार्थीलाई घर दैलोमा शिक्षा प्राप्त गर्ने अवशर प्राप्त भएकोले यस क्षेत्रको शैक्षिक पुँजी निर्माणमा निकै सहयोग पुगेको छ, बिध्यालयको गौरवमय इतिहास बनेको छ । राष्ट्र रक्षक योध्दा वीर भक्ति थापाको नामबाट बिध्यालयको नामाकरण भयो, पुर्वी लमजुङको पहिलो माध्यमिक बिध्यालय बन्ने श्रेय बिध्यालयले प्राप्त गर्यो । तात्कालिन एस एल सि परीक्षाको नतिजामा पश्चिमाञ्चल क्षेत्रमा नै उच्च स्थान प्राप्त गर्न सफल भएको छ, जिल्ला स्तरीय खेलकुद प्रतियोगितामा लगातार तीन पटक बिजय प्राप्त गरी स्कूल रनिङ सिल्ड आर्जन गरेको छ ।

यस विद्यालयका उपज धेरै विद्यार्थीहरू विभिन्न उद्यम, व्यवसाय सफलतापूर्वक सञ्चालन गर्न, खेलकुद, कला संस्कृति लगायतका क्षेत्रमा ख्याती कमाउन तथा स्वदेशी/विदेशी, सरकारी /गैर सरकारी, जंगी/निजामती सेवामा उच्च ओहोदामा पुग्न समेत सफल रहनु भएको छ । चर्चित अर्थशास्त्री एवम् राजनितिज्ञ डा. रामशरण महत यही विद्यालयका प्रधानाध्यापक हुनुहुन्थ्यो । यसै विद्यालयका उपजहरू केशवलाल श्रेष्ठ र विक्रम पाण्डे नेपाल सरकारका मन्त्री हुन सफल हुनु भएको छ । त्यसैगरी अर्जुन बहादुर थापा, सोम बहादुर थापा र डा गुणराज लोहनी नेपाल सरकारका सचिव र अर्जुन बहादुर थापा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको महासचिव भै सक्नु भएको छ ।

विद्यार्थी, शिक्षक र अभिभावक, विद्यालयका तीन प्रमुख आधारस्तम्भ त हुन नै । समयक्रममा यिनीहरूको भूमिकामा परिवर्तन भएको हुन्छ । यस अतिरिक्त नजिक वा टाढा रहेका धेरै यस्ता शुभेच्छुकहरू हुन्छन् जसका प्रत्यक्ष अप्रत्यक्ष योगदान वा सदासयतासम्मले पनि परिवर्तनको पथमा थप सकारात्मक प्रभाव ल्याउन सक्दछ । व्यक्तिको क्षमता निर्माण र जिम्मेवारी बहन गर्ने क्रम विद्यालय शिक्षा पछि बढोत्तरी भएर जान्छ । जीवनको व्यस्तता बढदै जाँदा र भौतिक सम्पर्क घटदै जाँदा कुनै समयका अनन्य मीत्रबिच पनि एक प्रकारको शुन्यता बृद्धि हुँदै जान्छ । फलस्वरूप एक अर्कोले पाउन सक्ने सहयोग र सदभाव एवम गर्न सक्ने योगदान न्हास भएर जान पनि सक्छ । यहाँनेर सम्बन्धलाई निरन्तर जोडी राख्नु अल्पकालिन र दीर्घकालिन दुबै दृष्टिले सबैको लागि श्रेयष्कर हुन्छ । स्थापित सम्बन्धलाई निरन्तरता दिने, प्रगाढ बनाउने विभिन्न माध्यममध्ये विद्यार्थी समाज एउटा प्रचलित संस्थागत माध्यम हो ।

अध्ययन र अनुभवले ज्ञान र शीपलाई बढाउँदछ । ज्ञानको क्षितिज धेरै फराकिलो र विविधतायुक्त हुन्छ । विविधता एउटा सुन्दर पक्ष पनि हो । ज्ञान, शीप र अनुभवलाई जति सहज र पारिवारीक वातावरणमा आदानप्रदान तथा स्थापित गर्न सक्यो त्यति नै व्यक्ति र समाज दुबैलाई परिवर्तनमा टेवा पुग्दछ, जीवनयापनमा सहयोग मिल्दछ । वर्तमानका हुन् वा विगतका विद्यालय र विद्यार्थी एवम विद्यार्थी विद्यार्थी बिच सुख दुखमा सहभागी हुने संस्कृतिले अपनत्व बृद्धिमा सहयोग पुऱ्याउँछ । ज्ञान विज्ञान एवम समय सान्दर्भिक बिषयवस्तुलाई समेटेर सदस्यहरू बिच जानकारी गराउने, छलफलमा ल्याउने गतिविधिले समाज र सदस्यको सशक्तता अभिबृद्धिमा टेवा पुऱ्याउँछ । यही पृष्ठभूमिमा जिल्ला प्रशासन कार्यालय, लमजुङ्मा २०६२।९।१ मा वीर भक्ति पूर्वविद्यार्थी समाज दर्ता भएको छ । विशुद्ध वीर भक्ति परिवारलाई अपनत्व दिलाउने र रचनात्मक क्रियाकलापमा संलग्न हुने चेष्टाले स्थापना भएको यो समाज एउटा गैर नाफामुलक संस्था हो ।

## ध्येय

वीर भक्ति माध्यमिक विद्यालयमा अध्ययन गरेका विद्यार्थीहरूलाई एक आपसमा जोडी अपनत्व अभिबृद्धि गर्ने तथा क्षमता परिचालन गरी प्राज्ञिक र सामाजिक श्रीबृद्धि गर्ने ।

## उद्देश्य

- सम्पुर्ण सदस्यहरू बिच मेलमिलाप, एकता एवम् सामञ्जस्य कायम गरी उनीहरूका विभिन्न समस्याहरू सुल्झाउन प्रयास गर्ने,
- सदस्यहरूको कार्य क्षमता तथा योग्यतालाई क्रियाशील गराई सिर्जनात्मक नेतृत्वदायी क्षमताको विकास गर्नलाई उचित वातावरण तयार पार्न प्रयत्नशील रहने,
- वीरभक्ति मा.वि.संग सुमधुर सम्बन्ध कायम गरी सदभावना अभिबृद्धि गर्दै आवश्यकता अनुसार सहयोग आदानप्रदान गर्ने,
- समाज उत्थानका लागि विभिन्न सामाजिक सेवाहरूमा संलग्न रही समयानुकूल कार्यक्रम सञ्चालन गर्ने गराउने,
- देशका विभिन्न सामाजिक, सांस्कृतिक तथा मानवीय समस्याहरू सुल्झाउन सक्दो योगदान गर्ने,
- दैवीप्रकोपमा परेका असहाय एवम निःसहाय व्यक्तिहरूलाई सहयोग गर्ने,
- समान उद्देश्य प्राप्तिका लागि अन्य संघ संस्थाहरूसंग सहयोग आदानप्रदान गर्ने,
- स्वदेश तथा विदेशमा भएका यस समाजका सदस्यहरूलाई परिचालन गरी वीर भक्ति मा.वि.को आर्थिक, शैक्षिक एवम भौतिक विकासका लागि आवश्यक सहयोग पुऱ्याउने कार्यक्रमहरू सञ्चालन गर्ने,
- हाल +२ सम्म कक्षा सञ्चालित विद्यालयलाई आउँदा दिनहरूमा अझ सवल बनाई स्तर बृद्धि गर्नका लागि यस समाजका सदस्यहरूलाई क्रियाशील बनाउने,
- शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने ।

## संस्थाको संगठन संरचना

वीर भक्ति माध्यमिक विद्यालयमा अध्ययन गरेका सबै पूर्व विद्यार्थीहरूले समाजको सदस्य हुन सक्ने प्रावधान समाजको विधानले गरेको छ । सदस्यहरू मध्येबाट क्रमशः एक एक अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सात जना सदस्य रहने एउटा कार्यकारी समितिको गठन हुने तथा सम्बन्धित क्षेत्रका विज्ञहरूलाई सल्लाहकारको रूपमा मनोनयन गर्न सकिने प्रावधान विधानले गरेको छ । समाजको उद्देश्य प्राप्तीका लागि कार्यकारी समितिलाई प्रत्यक्ष अप्रत्यक्ष एवम भौतिक अभौतिक सबै प्रकारका सल्लाह, सुझाव र सहयोग प्रदान गर्न विधानमा खुला प्रावधान रहेको छ ।

## संस्थाको श्रोत

समाजको प्रमुख आयश्रोत भनेको सदस्यहरूबाट लिइने सदस्यता शुल्क हो । दाताहरूबाट प्रदान गरिने सहयोग एवम समाजबाट सञ्चालित रचनात्मक काम बापत प्राप्त हुने सहयोग संस्थालाई भरथेग गराउने अर्को श्रोत हो ।

## उपसंहार

सदस्यहरू एवम शुभेच्छुकलाई जोडने एउटा औपचारिक मञ्चको रूपमा वीर भक्ति पूर्वविद्यार्थी समाज स्थापित भएको छ । आफूसंग रहेको सीमित श्रोत र साधनले यसका उद्देश्य प्राप्तिका लागि समाज क्रियाशील छ । समाजप्रति चासो राखीदिन, यसको क्षमता अभिबृद्धि गर्न, वीर भक्ति उच्च माध्यमिक विद्यालयको शैक्षिक उन्नति, यस क्षेत्रको सामाजिक प्रगति एवम सदस्यहरू बिच भाइचारा अभिबृद्धिका लागि विभिन्न क्षेत्रमा ज्ञान, शिप एवम क्षमता आर्जन गर्नु भएका विशेष गरी देश विदेशमा रहनु भएका वीर भक्ति मा.वि.का उपजहरू र अन्य सबै शुभेच्छुकहरूप्रति वीर भक्ति पूर्वविद्यार्थी समाज हार्दिक आग्रह गर्दछ । यसका लागि समाजको कार्यालय रहेको वीर भक्ति उच्च माध्यमिक विद्यालयमा सम्पर्क गरेर, समाजका अध्यक्ष र पदाधिकारीहरू, विद्यालयका प्रधानाध्यापक र शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पदाधिकारीहरूसंग प्रत्यक्ष भेटघाट गरेर, टेलिफोन, इमेल वा संस्थाको वेभसाइट मार्फत सम्पर्क गरी अघि बढन सकिनेछ ।

***

## Context

A School is said to be the foundation of a student's academic and professional growth. There are various internal and external factors involved in strengthening the foundation further. Realizing the importance of education and geographical location, the contemporary pioneers established the Bir Bhakti Secondary School in 2025 BS at the Tarkughat Bazar, considering the midpoint for Lamjung, Tanahun and Gorkha districts. This school is located on the banks of the Marsyangdi River, 22 km north of Dumre on the Prithivi Highway, and 1 km east of Nepaldanda Tanahu on the Besishahar Marg. It has contributed greatly to make education accessible to numerous students across the districts. There has been substantial contribution of various stakeholders to support building qualified human capital in the nation by laying the foundation for the school which made the history of this school even more glorious. The school is named after gallant warrior Bhakti Thapa, it is credited to being the first secondary school in the eastern region of Lamjung district. The school was able to secure the top position in the western region of the then-SLC examination. Similarly, in sports, the school has been able to win the running shield three times in a row.

The graduates of this school are seen running various businesses and enterprises successfully. A few of our graduates left imprint in the field of sports, art and culture. They are also seen achieving high status in social services, teaching, international and national governmental as well as non-governmental services, along with the civil and military services of the country. The renowned economist and politician Dr. Ramsharan Mahat has served as Head Master to this school. Mr. Keshav Lal Shrestha and Mr. Bikram Pandey former students of this school became ministers for the Government of Nepal. Similarly, Mr. Arjun Bahadur Thapa, Mr. Som Bahadur Thapa and Mr. Guna Raj Lohani served as Secretaries of Government of Nepal. Mr. Arjun Bdr. Thapa later on became Secretary General of SAARC as well.

The students, their guardians and teachers are the three primary pillars of any school. Over the years, the role of these pillars has changed. In addition to these pillars, the role of various stakeholders who contribute to the welfare of the school also plays indispensable role in bringing about positive changes in the school activities. These factors contribute greatly to develop capacity, career and responsibility bearing abilities after graduation of students of the school. In this context, as the students tend to move on with their lives, contact with the alumni is gradually reduced. This leads to reduction in mutual cooperation and collective efforts over time. Thus the need of the alumni to remain connected is essential for both short and long term. This can efficiently be achieved through establishment of a formal alumni association.

Knowledge and skills can be enhanced through education and experience. Knowledge has a wide and diverse horizon, and diversity is a beautiful aspect in itself. Similarly the exchange of knowledge, skills and experience in a friendly environment directly influences their delivery, which in turn eases the way of life. Likewise, the cordial relations among students, achieved through networking among present and past students of a same institution increases feelings of mutual trust and cooperation. This also helps the members discuss contemporary issues and exchange ideas, thereby also contributing to individual development. In this context, Bir Bhakti Alumni Society has been registered at District Admin. Office, Lamjung on 2062/09/01. This is a not-for-profit organization established with an aim to foster cooperation, cordiality and creativity among members of the alumni.

## Vision

To connect the alumni of Bir Bhakti Secondary School, develop compassion and enable the utilization of their capabilities for intellectual and social development.

## Objectives

- To promote harmony, unity and cordiality among the members and help resolve their problems
- To create appropriate environment for mobilization of members for capacity building and leadership development
- To support building cordial relationship with Bir Bhakti Higher Secondary School as needed
- To engage in various social activities for social development as per need
- To aid in resolving various cultural, religious and human issues to the extent practicable
- To provide humanitarian aid in case of natural disasters
- To exchange cooperation with institutions established to meet similar objectives
- To mobilize the members of this institution for economic, physical and educational development of School.
- To support upgrade of higher education provided by Bir Bhakti Higher Secondary School from current 10+2 level
- To conduct various activities for academic development

## Organizational structure of the Alumni

All past students shall be eligible to become members of Bir Bhakti Alumni Society. The regulation of the Society further mandates that from amongst the members, a chairperson, vice chairperson, secretary, treasurer and seven members shall be chosen as the executive committee of the Society. The regulation also has the provision for appointment of experts from various fields in capacity of advisors. The regulation also has provisions for providing all forms of physical/virtual, direct/indirect support to the executive committee for attainment of objectives of the Society.

## Resources

The organization shall be funded primarily through the membership fees collected from the members. The other sources shall include donations from various donors and collections from various charitable events.

## Conclusion

Bir Bhakti Alumni Society has been established as a formal platform to connect the members and well-wishers of the Society. The Society is committed to attainment of its objectives with employment of limited resources available to it. The Society urges individuals who were a part of Bir Bhakti HSS or are well-wishers of the school, who have attained expertise in various fields, residing in Nepal or abroad to contribute to the best of their abilities for capacity development of this organization and the school and promotion of mutual trust and cooperation among the members.

## Executive body (2022 AD)

| | | |
|---|---|---|
| Mr. Dinesh Babu Tiwari | – Chairperson | (9841417834) |
| Mr. Dilliman Shrestha | – Vice chairperson | (9846738164) |
| Mr. Tara Kumar Piya | – Secretary | (9846123821) |
| Mr. Jeevan Kumar Shrestha | – Treasurer | (9856040962) |

*Members:*

| | | | |
|---|---|---|---|
| Mr. Khadga Bdr. Gurung | (9813610673) | Mr. Hari Ranabhat | (9856074022) |
| Mr. Ananta Tripathi | (9860866707) | Mr. Ramesh Upreti | (9846190939) |
| Mr. Durgaman Shrestha | (9846090880) | Ms. Shanti Thapa | (9869727876) |
| Mr. Ranjit Shrestha | (9849633328) | | |



# वीर भक्ति पूर्वविद्यार्थी समाज

राइनास ८, तार्कुघाट, लमजुङ

स्थापित : २०६२ वि.सं.

